# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

अंक २०७९।०८०।१२ २०८० आषाढ


**Statement of patients flow for the month of Jestha 2080**

| OPD | Total Reg | Fullow up Within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | 3361 | 840 | 4201 |
| **Special OPD** | | | |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3520 | 880 | 4400 |
| INTERNAL MEDICINE | 7667 | 1917 | 9584 |
| OBSTETRICS & GYNAECOLOGY | 6409 | 1602 | 8011 |
| SURGERY | 5919 | 1480 | 7399 |
| CARDIOLOGY | 1913 | 478 | 2391 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1509 | 377 | 1886 |
| PULMONARY,CRITICAL CARE & SLEEP MEDICINE | 800 | 200 | 1000 |
| DENTAL | 3569 | 892 | 4461 |
| DERMATOLOGY & VENEREOLOGY | 4678 | 1170 | 5848 |
| ENT OTORHINOLARYNGOLOGY & HEAD & NECK SURGERY | 3949 | 987 | 4936 |
| OPHTHALMOLOGY | 1802 | 451 | 2253 |
| ORTHOPAEDICS | 6813 | 1703 | 8516 |
| PSYCHIATRY | 2045 | 511 | 2556 |
| OTHER DEPARTMENT in Midas software ( Come for Investigation purpose only) | 1024 | 256 | 1280 |
| CARDIO THORACIC AND VASCULAR SURGERY (CTVS) | 142 | 36 | 178 |
| **Sub Total** | 55120 | 10181 | 50906 |
| **EMERGENCY** | | | |
| CENTRAL | 4598 | 0 | 3503 |
| GYNAE /OBSTETRICS | 1113 | 0 | 958 |
| PAEDIATRIC | 1367 | 0 | 1216 |
| **Sub Total** | 7078 | 0 | 5677 |
| **Grand Total :** | 62198 | 10181 | 56583 |
| Paying (EHS) | 3658 | 915 | 4573 |
| Nepal Govt Social Insurance | 22952 | 5738 | 28690 |
| Other Scheme | 35588 | 6879 | 40075 |
| **Ward IPD** | 4215 | 0 | 3751 |
| *ICU/CCU/DICU/SICU* | 191 | | |
| *NICU/PICU/MICU/Nursery* | 150 | | |
| *Dialysis* | 1357 | | |

*Source: Medical Record Section / Office of the Matron*

## DM Medical Oncology Curriculum Development Workshop सम्पन्न




प्रतिष्ठानमा Medical Oncology विषयमा DM शैक्षिक कार्यक्रम संचालनार्थ आवश्यक पाठ्यक्रम तर्जुमा गर्नका लागि Health Professions Education (HPE) विभागको तालिम कक्षमा २८० जेष्ठ २ र ३ गते दुई दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा प्रतिष्ठानका पदाधिकारीहरु, डीनहरु, विभागीय प्रमुखहरु, शिक्षाविदहरु, शिक्षकहरु लगायत चिकित्सा शिक्षा आयोगका प्रतिनिधी डा.रमेश आचार्य, नेपाल मेडिकल काउन्सिलका प्रतिनिधी डा.गुरु शरण शाह, भक्तपुर क्यान्सर अस्पतालका निर्देशक प्रा.डा.विष्णुदत्त पौडेल, पाटन अस्पतालका रक्तरोग विशेषज्ञ डा.मिप्साङ्ग लामा तथा भारतको अल इन्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्सेजकी क्यान्सर रोग विशेषज्ञ डा.अर्पणा शर्मा समेतको सहभागिता रहेको थियो । प्रतिष्ठानका शिक्षाध्यक्ष एवम् निमित्त उपकुलपति प्रा.डा.संजिव कुमार शर्माले कार्याशाला गोष्ठीको उद्घाटन गर्नु भएको थियो भने शैक्षिक डिन, प्रा.डा.शिवेन्द्र झा, परीक्षा डिन, प्रा.डा.कृष्णा पोखरेल, इन्टर्नल मेडिसिन विभागका प्रमुख डा.रबिन मास्के तथा HPE विभागकी डा.अन्जु प्रधानले गोष्ठीको सफलताका लागि शुभकामना मन्तव्य दिनु भएको थियो । उक्त कार्यक्रम संचालनका लागि प्रतिष्ठानको क्यान्सर रोग विशेषज्ञहरु डा.सोनिया दुलाल र डा.राजिव शर्माले सहजकर्ता (Moderator) को भूमिका निर्वाह गर्नु भएको थियो ।

नेपालमा हाल DM, Medical Oncology सम्बन्धी अध्ययन/अध्यापन National Academy of Medical Sciences (Bir Hospital) मा मात्रै हुने भएकोले आगामी सत्रदेखि प्रतिष्ठानमा समेत यस सम्बन्धी अध्ययन/अध्यापन संचालन गर्ने उद्देश्यले यो कार्यशाला गोष्ठीको आयोजना गरिएको हो ।

## हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं ।

- सूचना तथा सञ्चार केन्द्र

## प्रतिष्ठानमा Medical Oncology सेवा: एक झलक

प्रतिष्ठानमा ईन्टर्नल मेडिसिन विभाग अन्तर्गत Medical Oncology सेवा संचालन भएको आगामी श्रावण महिनामा तीन वर्ष पुरा हुँदैछ । Medical Oncology सेवाको प्रारंभसँगै प्रतिष्ठानमा क्यान्सरका बिरामीको चाप बढदो क्रममा रहेको छ । प्रतिष्ठानमा हरेक महिना ७ सय देखि ९ सयको हाराहारीमा क्यान्सरका बिरामीहरु उपचारका लागि आउने गरेका छन् ।

प्रतिष्ठानले क्यान्सर रोग सम्बन्धी सेवालाई अझ चुस्त दुरुस्त र प्रभावकारी तुल्याउन विभिन्न गतिविधीहरु संचालन गर्दै आईरहेको छ । यसै सिलसिलामा Multidisciplinary Tumor Board को गठन गरिएको छ । प्रतिष्ठानमा क्यान्सर सेवा सम्बन्धी दक्ष र Dedicated Oncology Team बनाउने हेतुले Princess Margaret Cancer Center, Toronto को प्रायोजनमा हालसम्म पाँच जना नर्सिङ्ग जनशक्तिलाई अनलाइनको माध्यमबाट Cancer Care Basic Course पनि गराइसकिएको छ ।

यसैगरी National Academy of Medical Sciences (NAMS) बाट DM Medical Oncology गरेका डा.राजिव शर्मा प्रतिष्ठानको सेवामा आवद्ध भएपश्चात Medical Oncology विशेषज्ञ जनशक्ति थप भई सहज सेवा प्रवाहमा अभिवृद्धि हुन गएको छ ।

पूर्वी नेपालमा महिलाहरुमा हुने स्तन क्यान्सरको जिन (Gene) सम्बन्धी अध्ययन/अनुसन्धानको Pilot Project प्रतिष्ठानमा भइसकेको र यस सम्बन्धी वृहत अध्ययन जारी रहेको छ । यो नेपालमै पहिलो पटक गरिएको अध्ययन हो । उक्त अध्ययन/अनुसन्धान वापत डा.सोनिया दुलाललाई ASCO Global Oncology Young Investigator Award बाट सम्मानित गरिएको छ ।

प्रतिष्ठानमा Palliative & Hospice Care विधालाई विस्तार गन Team of Hospice Care Physician from Canada (Two World Cancer Team) ले अप्रिल २६ देखि ३०, २०२३ सम्म प्रतिष्ठानमा भ्रमण गरी Home Based Hospice Care को मोडेल तयार गरेको छ ।

प्रतिष्ठानमा Comprehensive Cancer Center को स्थापना, DM Medical Oncology सम्बन्धी शैक्षिक कार्यक्रम संचालन, American Society of Clinical Oncology /Health Volunteers Overseas (ASCO/HVO), Princess Margaret Cancer Center सँग शिक्षक/विद्यार्थीहरुलाई पठनपाठन कार्यमा सहयोगार्थ Exchange Program सम्बन्धी सहकार्य/साझेदारीका लागि सम्झौता गर्ने तथा क्यान्सर सम्बन्धी अनुसन्धानलाई अझ तिव्रता दिई राष्ट्रिय तथ्यांकमा प्रतिष्ठानको योगदानलाई अभिवृद्धि गर्ने भावी योजना रहेको छ ।

## Teaching and Learning in Health Professions Education कार्यशाला गोष्ठी सम्पन्न



प्रतिष्ठानको Health Professions Education (HPE) विभागको तत्वाधानमा २०८० जेष्ठ २५ गते "Teaching and Learning in Health Professions Education" कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

लामो समयको अन्तरालपछि यसप्रकारको शिक्षण तालिमलाई पुन: संचालनमा ल्याई निरन्तरता दिन पाएकोमा, Health Professions Education Core Group (HPECG) की संयोजक डा.अन्जु प्रधानले सहभागी सबैलाई अत्यन्त उत्साहका साथ स्वागत गर्दै कार्यक्रमको प्रारंभ गर्नु भएको थियो । प्रभावकारी शिक्षण र सिकाउने विधिहरू बारे शिक्षकहरुमा व्यापक अभिमुखीकरण गरी विद्यार्थीहरूलाई राम्रो शिक्षा प्रदान गर्ने उत्कृष्ट शिक्षक निर्माण गर्न मद्दत पुर्‍याउने उक्त कार्याशालाको मुख्य उद्देश्य रहेको वहाँले बताउनु भयो ।

कार्यशाला संचालनका लागि सहयोग गर्नुभएकोमा वहाँले प्रतिष्ठानका शिक्षाध्यक्ष तथा निमित्त उपकुलपति प्रा.डा.संजिव कुमार शर्मा तथा रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलालाई धन्यवाद दिँदै भविष्यमा पनि निरन्तर सहयोग प्राप्त भैरहने विश्वास व्यक्त गर्नु भयो ।

प्रतिष्ठानका शिक्षाध्यक्ष तथा निमित्त उपकुलपतिले कार्यक्रमको उद्घाटन गर्दै प्रतिष्ठान जस्तो शैक्षिक संस्थामा यस प्रकारको तालिमको महत्व तथा अपरिहार्यतामा जोड दिंदै यसले शिक्षक तथा विद्यार्थीहरुको शैक्षिक गतिविधी निखारिने बताउनु भयो । यसै सिलसिलामा वहाँले प्रतिष्ठानमा लामो समयदेखि विविध कारणले शैक्षिक तालिम नियमित हुन नसकेकोमा पुन: तालिमको शुरुवात भएकोमा खुशी व्यक्त गर्दै आगामी दिनहरुमा यसलाई निरन्तरता दिई प्रभावकारीरुपमा संचालन गरिने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

उक्त गोष्ठीमा प्रतिष्ठानको विभिन्न विभाग, कलेज अफ डेन्टल सर्जरी, कलेज अफ नर्सिङ्ग, स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिनका गरी २८ जना शिक्षकहरुको सहभागिता रहेको थियो ।

यस तालिममा सहजकर्ताको भूमिकामा HPECG की संयोजक डा.अन्जु प्रधान, सदस्यहरु प्रा.डा.तारा शाह, डा.विजय कुमार खनाल, डा.सुस्मिता श्रेष्ठ तथा गोष्ठीका श्रोतव्यक्ति प्रा.डा.विष्णुहरि पौडेल रहनु भएको थियो ।

तालिममा विशेषगरी शिक्षण विधि, प्रश्नपत्र निर्माण, कक्षा संचालन गर्दा अपनाउनु पर्ने कार्यविधिहरु तथा विद्यार्थीले कसरी सिक्ने, कति सिक्ने र कुन कुरामा जोड दिने सम्बन्धी सिकाईका विभिन्न माध्यमहरु उपर छलफल गर्नुका साथै सामुहिक कियाकलापको अभ्यास समेत गरिएको थियो । सो क्रममा सहभागी सम्पूर्ण शिक्षकहरुको Pre Test

& Post Test एवम् लिखित प्रतिक्रिया प्राप्त भए पश्चात सहभागीहरुले तालिम सम्बन्धी आ-आफ्नो अनुभव आदान प्रदान गर्दै कार्यशालाबाट आफुहरु शिक्षण प्रति अत्यन्तै उत्प्रेरित भएको र विद्यार्थीहरुलाई अझ सहज र सरल ढंगबाट पठन पाठन गराउने सम्बन्धी विधीहरु सिकेको बताए ।

कार्यक्रमको अन्त्यमा, प्रा.डा.तारा शाहले कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा प्रतिष्ठानका पदाधिकारीहरु, HPECG का सदस्यहरु, सहयोगी कर्मचारीहरु र सम्पूर्ण सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । सम्पूर्ण सहभागी शिक्षकहरुलाई प्रा.डा.पौडेलले प्रमाणपत्र वितरण गर्नुभएको थियो भने डा.अन्जु प्रधानले समापन मन्तव्य दिंदै कार्यक्रम सम्पन्न भएको थियो ।

## EWARS सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा, जिल्ला स्वास्थ्य कार्यालय, सुनसरी मार्फत प्राप्त आर्थिक सहयोगमा, प्रतिष्ठानका शिक्षक, चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई Early Warning and Reporting System (EWARS) को उद्देश्य, महत्व र रिर्पोटिङ्ग सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने/गराउने उद्देश्यले एक अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो । प्रतिष्ठानको मेडिकल रेकर्ड शाखाले संयोजन गरेको उक्त अभिमुखिकरण कार्यक्रम २०८० जेष्ठ २८,२९ र ३० गते प्रतिष्ठानको HPE विभागको तालिम कक्षमा सम्पन्न भएको थियो । पहिलो दिन, २०८० जेष्ठ २८ गते प्रतिष्ठानका शिक्षाध्यक्ष एवम् निमित्त उपकुलपति प्रा.डा.संजिव कुमार शर्माको उपस्थितिमा अस्पताल निर्देशक डा.जगत नारायण प्रसादले उद्घाटन गर्दै कार्यक्रम प्रारम्भ भएको थियो । उद्घाटन कार्यक्रममा प्रतिष्ठानका डेपुटी अस्पताल निर्देशक डा.इन्द्र लिम्बु लगायत शिक्षक कर्मचारीहरुको सहभागिता रहेको थियो ।

सर्वप्रथम, मेडिकल रेकर्ड शाखाका अधिकृत सुनिल पराजुलीले कार्यक्रमको उद्देश्य तथा प्रतिष्ठानले EWARS अन्तर्गत गरेका कार्यहरुको बारेमा प्रकाश पार्नु भएको थियो । त्यसैगरी पेडियाट्रिक विभागका डा.बसन्त राईले EWARS सम्बन्धी रिर्पोट गरिने रोगहरुको बारेमा पूर्ण विवरण र प्रयोगशालाको महत्व र कार्यको बारेमा जानकारी गराउनु भएको थियो । तीन दिने कार्यक्रमा दैनिक ५० जनाको दरले जम्मा १५० जना सहभागीहरुलाई EWARS सम्बन्धी अभिमुखिकरण गराइएको थियो । यस प्रकारको अभिमुखिकरण कार्यक्रमले आगामी दिनहरुमा स्वास्थ्यकर्मीहरुलाई सजग बनाई रोगहरुको पहिचान गरि समयमै रिर्पोट गर्ने बानीको विकास गर्दै समाजमा हुन सक्ने महामारीबाट बच्न र बचाउन सकिन्छ ।

## प्रतिष्ठानमा "विश्व सुर्तीजन्य पदार्थ विरुद्धको दिवस २०२३" मनाइयो

हरेक वर्षको मे ३१ का दिन विश्वभर मनाइने "World No Tobacco Day (विश्व सुर्तीजन्य पदार्थ विरुद्धको दिवस)" प्रतिष्ठानमा पनि मनाइएको छ । प्रतिष्ठानको पब्लिक हेल्थ डेन्टिस्ट्री विभाग तथा रोट्रयाक्ट क्लब, धरान, घोपाको संयुक्त आयोजनामा एक दिवसिय वक्तृत्वकला प्रतियोगिता गर्दै २०८० जेष्ठ १७ गतेका दिन सो दिवस मनाइएको थियो । विश्व स्वास्थ्य संगठनले सो दिवसको लागि तय गरेको यस वर्षको मूल नारा "We need Food, not Tobacco" नै उक्त वक्तृत्वकलाको शिर्षक रहेको थियो । प्रतियोगीहरुले नेपाली/अंग्रेजी भाषामा आफ्नो वक्तृत्व प्रस्तुत गर्नसक्ने गरी प्रतियोगिताको आयोजना गरिएको थियो । यसका साथै कलेज अफ डेन्टल सर्जरी तथा ओ.पी.डी. हरुमा सचेतनाका लागि "No Smoking" बोर्ड समेत राखिएको थियो । रोट्रयाक्ट क्लब अफ धरान, घोपाका अध्यक्ष रितिक पासवानले उक्त कार्यक्रमका बारेमा प्रकाश पार्नुभएको थियो ।



शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थी, रोट्रयाक्ट क्लबका सदस्य तथा सर्वसाधारणहरुसहित सयभन्दा बढीको सहभागिता रहेको उक्त कार्यक्रमको संचालन डा.सुभेच्छा पाण्डे तथा रोट्रयाक्ट सदस्य दिक्षा अधिकारीले गर्नुभएको थियो। प्रा.डा.प्रमिता सुवाल, डा.मेहुल राज जैसानी तथा डा.राजेश ज्ञवाली रहनुभएको निर्णायक मण्डलले सम्पूर्ण प्रतियोगीहरुको प्रस्तुती पश्चात अंग्रेजी विधातर्फ बी.डी.एस. प्रथम वर्षकी सञ्जीला कापडी र नेपाली विधातर्फ बी.डी.एस. चौथो वर्षका युवराज अधिकारीलाई उत्कृष्ट घोषणा गरेको थियो । तत्पश्चात उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुका साथै डा.ताराकान्त भगतले निर्णायक मण्डललाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

अन्त्यमा, Public Health Dentistry विभागकी डा.संतोष कुमारी अग्रवालले उपस्थित सम्पूर्णलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गरिएको थियो ।

## डा.गुप्ता विज्ञ सदस्यमा मनोनित




नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा ६ बमोजिम गठित निर्देशक समितिको विज्ञ सदस्यमा

प्रतिष्ठानको रेडियोलोजी विभागका डा.अरुण गुप्तालाई मनोनयन गरेको छ । वहाँलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मन्त्रीस्तरीय निर्णयानुसार मिति २०८०/०२/२१ मा मनोनयन गरिएको हो । वहाँको पदावधि २ वर्षको हुनेछ । उक्त समितिले रेडियोधर्मी पदार्थको सम्बन्धमा नियमनकारी निकाय तथा परमाणविक अनुन्धान केन्द्रलाई आवश्यक निर्देशन दिन्छ ।

नेपालमा एक्स-रे विकिरण तथा रेडियोधर्मी पदार्थको प्रयोग शुरु भएको झण्डै सय वर्ष पुगिसक्दा पनि हालसम्म हामीसँग एक्स-रे विकिरण तथा रेडियोधकर्मी पदार्थको सम्बन्धमा नियमनकारी निकायको स्थापना हुन सकेको थिएन । रेडियोधर्मी पदार्थ(उपयोग तथा नियमन) ऐन, २०७७ बनेपछि भरखरै निर्देशक समितिको बैठकबाट नियमनकारी निकाय स्थापनाकोलागि प्रकृया अगाडि बढिसकेको हुँदा नेपालमा पनि अब चाडैं नियमकारी निकाय स्थापना हुने पक्का भएको छ ।

## प्रतिष्ठानमा Yoga Workshop/Course को आयोजना




नवौं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा प्रतिष्ठानमा Yoga Workshop/Course को आयोजना गरिएको छ । प्रतिष्ठानको बेसिक एण्ड क्लिनिकल फिजियोलोजी विभाग अन्तर्गत योगा एण्ड लाइफस्टाइल क्लिनिक तथा Physician for Society Responsibility Nepal (PSRN) को संयुक्त आयोजनामा २०८० असार ६ देखि १२ गतेसम्म सञ्चालित उक्त कार्यक्रमको मूल नारा "Yog for Vasudhaiva Kutumbakam" रहेको थियो ।

एक हप्तासम्म सञ्चालित उक्त कार्यक्रमको उद्घाट्न प्रतिष्ठानका शिक्षाध्यक्ष एवम् निमित्त उपकुलपति प्रा.डा.संजिव कुमार शर्माले २०८० आषाढ ६ गते बिहान ५:३० बजे मेडिकल कलेज ब्लकमा गर्नु भएको थियो । प्रतिष्ठानका शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीहरुलाई सहभागिताको लागि आमन्त्रण गरिएको उक्त कार्यकममा सहभागिताका लागि निःशुल्क दर्ताको व्यवस्था गरिएको थियो ।

### ALUMNI OF BPKIHS

**डा.आनन्द चापागाईं**



डा.आनन्द चापागाईं प्रतिष्ठानको एम.बि.बि.एस.पहिलो ब्याज (१९९३) का विद्यार्थी हुन । हाल वहाँ संयुक्त अधिराज्य ब्रिटेनको लण्डन स्थित Barts Health NHS Trust मा Nephrologist तथा अशक्त एवम् वृद्धवृद्धाहरुलाई सेवा प्रदान गर्ने Whipps Cross Hospital का क्लिनिकल निर्देशकको रुपमा समेत कार्यरत हुनु हुन्छ । यसका साथै, डा.चापागाईंले Insulin Resistance in Renal Failure सम्बन्धी विषयमा University of London बाट पि.एच.डी. (Ph.D.) उपाधि हासिल गर्नु भएको छ । वहाँले International Society of Nephrology को Social Media Taskforce मा सदस्यको रुपमा समेत रही कार्य गरिसक्नु भएकोछ । डा.चापागाईंले International Society of Nephrology को आर्थिक सहयोगमा प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभाग तथा कम्युनिटी विभागको सहकार्यमा सुनसरी जिल्लामा क्षयरोगसहतिको किड्नीको बिरामीको उपचार र अनुसन्धान सम्बन्धी परियोजना संचालन गर्नु भएको थियो । वहाँले Peritoneal Dialysis तथा Haemo Dialysis सम्बन्धी कार्याशाला गोष्ठीको आयोजना गर्नु भएको थियो । सन् २००४ मा डा. संजिव कुमार शर्माको विशेष पहलमा बेलायतको रोयल लण्डन अस्पतालबाट प्रतिष्ठानलाई ११ थान डाइलाइसिस मेसिन सहित Spare parts हरु सहयोग स्वरुप प्राप्त भएको र सो कार्यमा डा.चापागाईंको अहम् भूमिका रहेको थियो । तत्पश्चात मेडिसिन विभाग अन्तर्गतको डाइलाइसिस यूनिट स्थापना गरिएको थियो । यसरी वहाँले राष्ट्रिय / अन्तर्राष्ट्रिय मञ्चमा वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समेत ख्याति फैलाउनु भएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्जल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

## रेडियोलोजी विभागमा बिल काउन्टर थप

प्रतिष्ठानमा उपचारका लागि आउने बिरामी एवम् तिनका आफन्तहरुलाई सरल एवम सहज रुपमा सेवा उपलब्ध होस् भन्ने उद्देश्यले रेडियोलोजी विभागबाट प्रदान गरिने सेवाहरुको शुल्क बुझाउनका लागि २०८० आषाढ १० गतेदेखि विभागमानै छुट्टै बिल काउन्टरको व्यवस्था गरिएको छ ।

### ALUMNI OF BPKIHS

**डा.विनोद खडका**



डा.विनोद खडका प्रतिष्ठानको एम.बि.बि.एस. पाँचौ ब्याज(१९९७) का विद्यार्थी हुन । हाल वहाँ संयुक्तराज्य अमेरिकाको Wisconsin स्थित Apogee Physician and ProHealth Care मा System Hospitalist Program Director को रुपमा कार्यरत रहनु भएको छ । यसका साथै वहाँ America Nepal Medical Foundation(ANMF) का वर्त्तमान अध्यक्ष समेत रहनु भएको छ । डा.खडकाले चिकित्साशास्त्रमा स्नातकोत्तर तह(एम.डी) उपाधि लगायत MBA, CPE, FACP, CHCQM, CPPS, CPHQ तथा Six Sigma Black Belt समेत हासिल गर्नु भएको छ । वहाँले स्वास्थ्य व्यपस्थापनमा हासिल गर्नु भएको विज्ञेताले सार्वजनिक तथा निजी स्वास्थ्य संस्थाहरुको विकासमा विशेष योगदान पुऱ्याउनु भएको छ । नेपाल बाहिर रहेर पनि परोपकारी डा.खड्काले आफू आबद्ध संस्था ANMF मार्फत स्वास्थ्य सेवासुविधाको पहुँचबाट टाढा रहेका सर्वसाधरण जनतालाई लक्षित गरि नेपालको विभिन्न जिल्लामा ३०० भन्दा बढी स्वास्थ्य सेवा सम्बन्धी परियोजनाहरु सञ्चालनमा ल्याई सेवा प्रदान गर्दै आउनु भएको छ । डा.खडकाले स्वास्थ्य क्षेत्रमा पुऱ्याउनु भएको योगदान कारण विभिन्न संघ/संस्थाबाट सम्मानित हुनका साथै राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा लेखहरु प्रकाशन भएकोछ । यसका साथै वहाँले राष्ट्रिय/अन्तरराष्ट्रिय मञ्चहरुमा स्वास्थ्य व्यवस्थापन, गुणस्तर अभिवृद्धि र बिरामी सुरक्षा सम्बन्धी आफ्नो बहुमूल्य प्रवचन/सम्भाषण समेत दिदैं आउनु भएको छ । यसरी वहाँले राष्ट्रिय/अन्तर्राष्ट्रिय मञ्चमा वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समेत ख्याति फैलाउनु भएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्जल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

## OT Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Dr.Shailesh Mani Pokharel | Prof.Dr. Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju | Dr.Santosh Chaudhary | Prof.Dr.Poonam Lavaju |
| | Dr.Santosh Chaudhary | Dr.Sangita Shah | | Dr.Shailesh Mani Pokharel | | Dr.Sangita Shah |
| Orthopedics | TEAM – C | | TEAM – B | | TEAM - A | |
| | Prof.Dr.Bikram Psd. Shrestha | | Prof.Dr.Pashupati Chaudhary | | Prof.Dr.Guru Prasad Khanal | |
| | Dr.Rajiv Maharjan | Rotation | Dr.Rosa Prasad Shah Kalawar | Rotation | Dr.Bishnu Pokharel | Rotation |
| | Dr.Amit Limbu | | Dr. Jitendra Shah | | Dr.Amit Bikram Shah | |
| | Dr.Yam Bahadur Gurung | | | | Dr.Ashish Pandey | |
| General Surgery | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | |
| | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | |
| | Dr.Rajesh Psd. Sah | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | |
| | Dr. Abhijeet Kumar | Dr.Nirmal Psd. Sah | Dr.Bhawani Khanal | Dr.Nirmal Psd. Sah | Dr.Alok Dahal | |
| | Dr.Bhawani Khanal | Dr.Vijay Shrestha | Dr.Samir Chaudhary | Dr.Vijay Shrestha | Dr.Bhawani Khanal | |
| | Dr.Samir Chaudhary | | | | Dr.Samir Chaudhary | |
| GI Surgery | | Prof.Dr.Shailesh Adhikary | | Prof.Dr.Shailesh Adhikary | | |
| | | Dr.Kunal Bikram Deo | | Dr.Kunal Bikram Deo | | |
| CTVS | | Dr.Lokesh S, Jaiswal | | Dr.Lokesh S. Jaiswal | | |
| | | Dr.Bijay Sah | | Dr.Bijay Sah | | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Shyam Thapa Chettri |
| | Dr.Deepak Paudel | Dr.Deepak Paudel | Dr.Shankar Psd. Shah | Dr.Shankar Psd. Shah | Dr.Deepak Paudel | Dr.Shankar Psd. Shah |
| | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra |
| Dermatology& Venerology | Dr.Nidhi Shah | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal | Dr.Prajwal Pandey | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal |
| Obstetrics &Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Baburam Dixit Thapa | Dr.Achala Thakur | |
| | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Tulasa Basnet | | |
| | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | | | |

## Paying OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Psychiatry | Dr.Sanjeev Kumar Mishra | Dr.Suren Limbu | Dr.Suraj Nepal | Prof.Dr.Dhana Ratna Shakya | One of the 4 Psychiatrists | One of the 4 Psychiatrists |
| Orthopaedics | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Pashupati Chaudhary | Prof.Dr.Bikram P. Shrestha | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Bikram P. Shrestha | Dr.Rajiv Maharjan |
| | Dr.Bishnu Pokhrel | Dr.Prosan P. Shah Kalawar | Dr.Rajiv Maharjan | Dr.Bishnu Pokhrel | Dr.Rosan P. Shaha Kalawar | Dr.Amit Limbu |
| | Dr.Amit Bikram Shah | Dr.Jitendra Shah | Dr.Amit Limbu | Dr.Amit Bikram Shah | Dr.Jitendra Shah | Dr.Yam Bahadur Gurung |
| | Dr.Ashish Pandey | | Dr.Yam Bahadur Gurung | Dr.Ashish Pandey | | |
| Internal Medicine | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah |
| | | Dr.Bhupendra Shah | | | Dr.Bhupendra Shah | |
| Cardiology | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey |
| Gastroenterology | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya |
| Pulmonary, Critical Care and Sleep Medicine | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra |
| Surgery | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle |
| GI Surgery | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary |
| | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo |
| CTVS | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal |
| | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah |
| ENT | Dr.Shankar P. Sah | Dr.Sudeep Mishra | Dr.Deepak Paudel | Dr.Paras Raj Amatya | Dr.Shyam Thapa Chettri | |
| Dertamatology | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | |
| GP & Emergency Medicine | Dr.Rajani Giri | Dr.Rabin Bhandari | Dr.Rabin Bhandari | Dr.Ashok Yadav | Dr.Ajay K. Yadav | |
| | Dr.Ajay K. Yadav | Dr.Masum Paudel | Dr.Masum Paudel | Dr.Pramendra P. Gupta | Dr.Ritesh Chaudhary | |
| | Dr.Ritesh Chaudhary | Dr.Ashok Yadav | Dr.Rajani Giri | Dr.Bajaya Devi Aryal | Dr.Vijay K. Shrivastaw | |
| | Dr.Bijaya Devi Aryal | Dr.Pramendra P. Gupta | Dr.Vijaya K. Shrivastaw | | | |
| Obstetrics & Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Achala Thakur | Dr.Achala Thakur | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa |
| | Dr.Punita Yadav | Dr.Manoj Kumar Sah | Dr.Surya Psd. Rimal | Dr.Jyotsna Yadav | Dr.Ramesh Shrestha | |
| Paediatrics | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta |

***Source: Hospital Administration/Concerned Departments***

## OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Shailesh Mani Pokharel | Dr. Sangita Shah | Dr. Santosh Chaudhary | Prof. Dr. Poonam Lavaju | Dr. Santosh Chaudhary |
| | Dr. Sangita Shah | Dr. Santosh Chaudhary | Dr. Shailesh Mani Pokharel | | Dr. Sangita Shah | |
| | | | | | Dr. Shailesh Mani Pokharel | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Madhur Basnet | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr.Sanjeev Kumar Mishra | Dr. Suraj Nepal |
| | Dr. Suren Limbu | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr.Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| | Dr. Rajesh Kumar (Psychology) | | | | | |
| Orthopedics | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan |
| | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu |
| | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | Dr. Prashant Mani Tripathi | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | |
| Cardiology | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| Gastroenterology& Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Sandip Bajracharya | | | Dr. Sandip Bajracharya | |
| Pulmonology,Critical Care and Sleep Medicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | Dr. Deebya Raj Mishra | | Dr. Deebya Raj Mishra | | | Dr. Rejina Shahi |
| | | | Dr. Rejina Shahi | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah |
| | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar |
| | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya |
| Dertamatology& Venerology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| General Practice& Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics &Gynaecology | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dixit) Thapa | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| Pediatrics& Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Prof. Dr. Gauri S. Shah | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shipra Chaudhary | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | Dr. Mukesh Bhatta | Dr. Shankar Prasad Yadav | | | | Dr. Arun K. Singh |

***Source : Hospital Administration/Concerned Departments***

### Status of Operations done in Jeshta, 2080

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 432 | 494 | 61 | 49 | 114 | 43 | **1193** |
| Obst. & Gynae | 390 | 30 | 14 | 0 | 150 | 21 | **605** |
| Emergency | 107 | 0 | 20 | 0 | 9 | 0 | **136** |
| Day Care | 0 | 0 | 19 | 34 | 53 | 126 | **232** |
| Derma * | 112 | 19 | 531 | 56 | 378 | 45 | **1141** |
| **Total** | **1041** | **543** | **645** | **139** | **704** | **235** | **3307** |

**General OT : 2390** — ***Number of safe abortion care service done : 74***

**Paying OT: 917** — ***Number of cases done in Cardiac Catheterization Laboratory: 185***

**** Asthetic procedures included in minor: 95***

***Source: Office of the Metron***

**Patients Care Record of Covid-19 Hospital, BPKIHS (Month of Jeshta, 2080)**

Total admission: 2
Total Discharge: 2
Total PCR Test: 88
Total Positive: 35
Total Follow Up Positive: 19
Death: nil

***Source:* Covid Hospital & Dept. of Microbiology**


## सम्पादन समूह

डा.अन्जु प्रधान, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृत प्रसाद ढकाल,जनसम्पर्क सल्लाहकार
दिब्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सिनियर क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu